☎०७८-५४०१७०, ५४१११६
Email:info@kawasotimun.gov.np
Website: kawasotimun.gov.np

कावासोती नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
शिवमन्दिर, नवलपरासी (बर्दघाट सुस्ता पूर्व)
गण्डकी प्रदेश, नेपाल

प.सं.
च.नं.

## प्राविधिक सहायक करारमा पदपुर्ति गर्ने सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति:- २०७८-०७-११)

प्रस्तुत बिषयमा यस कावासोती नगरपालिकामा संचालित रोजगार सेवा केन्द्रको लागि आवश्यक प्राबिधिक सहायक पद करारमा पदपुर्तिका लागि निम्न बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकले १५ दिन भित्र माग बमोजिमका विवरण र राजस्व तिरेको रसिद सहित यस कार्यालयमा निवेदन दिनुहुन अनुरोध छ।

| क्र.सं | विज्ञापन नं | पद | तह | संख्या |
|---|---|---|---|---|
| १ | १/२०७८/०७९ | प्राविधिक सहायक | स्थानीय सेवाको पाँचौ तह सरह | १ |

१. आवश्यक न्युनतम योग्यता र अनुभव:-

(क) सिभिल इन्जिनियरिङमा प्रविणता पत्र तह वा ओभरसियर वा डिप्लोमा तह उतीर्ण भएको।

(ख) अनुभव र सीप: प्राविधिक सहायक पदमा देहायका अनुभव र सीप आवश्यक पर्नेछ:-

- कम्तीमा ३ महीने तालिम लिई आधारभुत कम्प्युटर सीप भएको,
- पुर्वाधारको निर्माण र मर्मतका लागि आयोजनाको लागत अनुमान, सुपरिवेक्षण र अन्तिम लागत विवरण तयार गर्न सक्ने र विश्लेषण गर्न सक्ने, आयोजनाको लक्ष्य र परिणाम हासिल गर्न टोलीमा काम गरेको अनुभव, पारस्परिक सम्बन्ध सम्बन्धी सीप सहित कम्तीमा ६ महिनाको अनुभव भएको।

(ग) उमेर:- कम्तीमा १८ बर्ष पुरा भई ४५ बर्ष ननाघेको।

२. दरखास्त दिने स्थान:- कावासोती नगर कार्यपालिकाको कार्यालय   ३. दरखास्त दिने अन्तिम मिति:- २०७८/०७/२५

४. आवेदन दस्तुर:- रु ५००।-   ५. छनौटको किसिम:- प्रारम्भिक योग्यताक्रमको सुची प्रकाशन र लिखित परीक्षा

६. आवेदनका साथ संलग्न कागजातहरु:- आवेदक स्वयमले प्रमाणित गरेको देहाय बमोजिम कागजातको प्रतिलिपिहरु

- नागरिकता
- अनुभव खुल्ने कागजात
- न्युनतम योग्यताको लब्धांक प्रमाणपत्र
- २ प्रति पासपोर्ट साईजको फोटो
- चारित्रिक प्रमाणपत्र

७. सेवा सुविधा:- युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना कार्यविधि, २०७६ (गाँउपालिका तथा नगरपालिकामा प्राविधिक सहायक पदपुर्ति प्रक्रिया) को दफा (११), (१२) र (१३) बमोजिम हुनेछ।

८. सम्पादित गर्नुपर्ने कार्यविवरण:- युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना कार्यविधि, २०७६ (गाँउपालिका तथा नगरपालिकामा प्राविधिक सहायक पदपुर्ति सम्बन्धी प्रक्रिया) को दफा ( ९ ) बमोजिम हुनेछ।

**नोट:- आबेदनको ढाँचा र प्राविधिक सहायक पदको कार्यविवरण तथा पाठ्यक्रम लगायत अन्य जानकारी www.pmep.gov.np र kawasotimun.gov.np मा उपलब्ध छ।**

२०७८/०७/११

प्रमुख प्रशासकीय अधिकृत

रमेश घर्ति
प्रमुख प्रशासकीय अधिकृत